annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २८५, पृष्ठ ८ | काठमाडौं, आइतबार १० फागुन २०८२ | फाल्गुण शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४६ | SUNDAY, FEBRUARY 22, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

निर्वाचन सरोकार

### इजरायलबाट नेपाली आवाज

## घोषणापत्र सुन्यौं, अपेक्षा पनि सुनून्

फागुन २१ गतेको चुनावका लागि नयाँ पुराना, साना ठूला सबै दलले आफ्ना घोषणापत्रहरू सार्वजनिक गरे । प्रायः सबैले सुशासन, विकास निर्माण र समृद्धिका नारा बोकेका छन् । घोषणापत्र मात्र पढ्दा लाग्छ, देश अब कायापलट हुने भयो । हामी नेपाली बाहिर बिदेसिनुपर्ने अवस्था अब रहने छैन । तर, चुनावी घोषणापत्र हामी नेपाली जहाँ रहे पनि नयाँ कुरा भने होइन । किनभने यसअघिका चुनावमा जारी हुने दलका घोषणापत्रमा समेत यस्ता मुखमिठा नाराहरू हुन्थे । रास्वपासहितका केही नयाँले पनि यसअघि चुनावमा भाग लिइसकेका छन् । परम्परागत ठूला दल त हुने नै भए । सबैको घोषणापत्रमा सायद देश नबन्ने खालका शब्द कतै थिएनन् । हामी मख्ख पर्थ्यौं । तर, देशमा बस्न सक्ने अवस्था कहिले आएन ।

**पवित्रा गौतम** | *तेलअबिब*



विस्तृत पृष्ठ २

## रास्वपा चुनाव भाँड्न लाग्यो : एमाले

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



दलका झन्डा जलाउने, नेताप्रति घृणा पैदा गर्ने र मुलुकमा अशान्ति फैलाउने जस्ता कार्य तीव्र पारेर रास्वपा चुनाव भाँड्नतिर लागेको एमालेले आरोप लगाएको छ। झापा पुगेका एमाले अध्यक्ष केपी शर्मा ओलीले 'रास्वपाले चुनाव जितिँदैन' भन्ने निष्कर्ष निकालेर चुनाव भाँड्ने प्रयासमा लागेको आरोप लगाएका छन्। यता, एमालेले शनिबार नै पत्रकार सम्मेलन गरेर रास्वपाले चुनाव भाँड्ने गतिविधि तीव्र पारेको आरोप लगाएको छ। 'मुलुकभर कुनै एक अमुक दलले नेकपा (एमाले) को आस्थाको केन्द्र 'सूर्य' ध्वजावाहक झन्डा जलाउने, मूल नेतृत्वप्रति घृणा फैल्याउने कार्यलाई तीव्र पारेको छ,' पत्रकार सम्मेलनमा वितरित प्रेस विज्ञप्तिमा भनिएको छ, 'मुलुकलाई चुनावी द्वन्द्वमा फसाउने गम्भीर षड्यन्त्रका रूपमा भएका अवाञ्छित गतिविधिप्रति एमालेको गम्भीर ध्यानाकर्षण भएको छ।

यसतर्फ सरकार र सम्बन्धित निकायलाई जवाफदेही र उत्तरदायी बन्दै शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन एमाले जोडदार माग गर्दछ।' पत्रकार सम्मेलनमा एमाले प्रचार संयोजक मीनबहादुर शाहीले एमालेका झन्डा जलाउने, नेतृत्वप्रति घृणा पैदा गर्ने र अशान्ति फैलाउने जस्ता कार्य तीव्र पारेर रास्वपाले चुनाव भाँड्न लागेको आरोप लगाए।

'देश पहिलाका लागि नेकपा (एमाले) जस्तोसुकै बलिदान दिन तयार छ। अनेकन कठिन अवस्थामा पनि धैर्य, संयमताका साथ आफ्ना एजेन्डा लिएर एमाले जनताको घरदैलोमा पुगेको छ,' शाहीले भने।

एमालेले चुनाव नजिकिँदै जाँदा मुलुक थप भय र त्रासमय बन्दै गएको भन्दै सरकारको ध्यानाकर्षण पनि गरेको छ। 'चुनावलाई भयरहित, स्वच्छ र निश्पक्ष वातावरणमा निर्वाचन सम्पन्न गराउने विषयमा सरकारले शान्ति सुरक्षाको वातावरणलाई भरपर्दो र विश्वासयोग्य बनाउन सकिरहेको छैन,' एमालेले विज्ञप्तिमार्फत भनेको छ। प्रचार विभाग प्रमुख शाहीले भने, 'हामीले निर्वाचन घोषणा भए लगत्तै हजारौं कैदीबन्दी र सुरक्षा निकायका लुटिएका हातहतियार बाहिरै रहेकाले अवाञ्छित र अपराधिक क्रियाकलाप बढ्न सक्ने विषयप्रति पटक-पटक सरकारको ध्यानाकर्षण गराएको विदितै छ।

उनले पछिल्लोपटक अमुक दल जिन्दावादको नारासहित एमालेको मूल नेतृत्वप्रति घृणा पैदा गर्ने, सूर्य चिह्न अंकित झन्डा जलाउने खालका गतिविधिले निर्वाचन बिथोल्न खोजिएको छ। एमालेले भन्दै आएको पूर्वानुमान पुष्टि हुँदै गएको छ।' एमालेले चुनावलाई 'देश बनाउने र जलाउने' बीचको जनमत संग्रहको रूपमा लिएको विज्ञप्तिमा उल्लेख छ। 'कथित नयाँको नाममा 'भोटफरचेन्ज' को भाष्य बिक्री हुन छोडेपछि अहिले देशैभर अभद्र व्यवहार, सर्वेक्षणको नाममा जनमतलाई प्रभावित गर्ने गरी फेक सर्वेक्षण परिणाम सार्वजनिक गर्ने कार्यप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ, 'चुनावी परिणाम आफ्नो पक्षमा आउने सम्भावना नदेखेपछि निर्वाचनलाई प्रभावित पार्ने षड्यन्त्रका स्वरूप देशका विभिन्न भागमा हिंसा भड्काउने कामको थालनी भएको छ।

बाँकी पृष्ठ ६

## किन बढ्न सकेन सेयर बजार ?

**तुला तिमिल्सिना** | *काठमाडौं*

फागुनको पहिलो साताभरि सेयर बजार ओरालो यात्रामा लागिरहयो। यस साता ३ दिन बिदा परेका हुँदा सोमबार र मंगलबार २ दिनमात्रै सेयर कारोबार भएको थियो। अघिल्लो साताको बुधबार नेपाल धितोपत्र बोर्ड (सेबोन) ले 'मार्जिन कारोबार सुविधा निर्देशिका २०८२' जारी गरेपछि भने बिहीबार नेप्से बढेको भए पनि त्यसपछिका कारोबारका दिनहरूमा भने दैनिक घट्ने क्रम रोकिएन।

अघिल्लो साता कारोबारको अन्तिम दिन बिहीबार २६७१.०७ अंकमा बन्द भएको नेप्से यस साता २६४२.१५ बिन्दुमा बन्द भएको छ। यो साता सोमबार ८.१६ र मंगलबार २०.७५ गरी नेप्से २८.९१ बिन्दुले घट्न पुग्यो। सातामा नेप्से न्यून बिन्दु मंगलबार २६३६.४० र उच्च बिन्दु सोमबार २६८२.२० अंकमा पुगेर सेयर कारोबार भएको थियो।

यो साता सोमबार ७ अर्ब ९४ करोड २७ लाख र मंगलबार ८ अर्ब ३६ करोड ४४ लाख कारोबार हुँदा औसतमा दैनिक ८ अर्ब १५ करोड ३६ लाख रुपैयाँको सेयर किनबेच भयो।

विस्तृत पृष्ठ ५

## प्रकाशमानको बिरासत जोगाउनै पर्ने दबाबमा प्रबल



### बिरासत भत्काउने दाउमा एमाले, रास्वपा र राप्रपा

**राजु शिवा** | *काठमाडौं*

मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारदेखि जेन-जी आन्दोलनमा ध्वस्त भएको संसद् भवनसम्म रहेको काठमाडौं १ को चुनावी प्रतिस्पर्धा रोचक बन्दै गएको छ। विगत चार निर्वाचन लगातार जित्दै आएका प्रकाशमान सिंह यसपटक प्रतिस्पर्धाबाट बाहिरिएसँगै उनको राजनीतिक बिरासत जोगाउने चुनौती कांग्रेसका नयाँ उम्मेदवार प्रबल थापा क्षेत्रीमाथि आएको छ। सिंहको अनुपस्थितिमा यो क्षेत्र बहुपक्षीय प्रतिस्पर्धाको खुला मैदान बनेको छ।

तेस्रोपटक चुनावी मैदानमा उत्रिएका राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रदेखि पत्रकारिता पृष्ठभूमिकी मेनुका भण्डारी र विकेकशील साझाबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेशपछि उम्मेदवार बनेकी रञ्जु दर्शना न्यौपानेसम्मका नयाँ-पुराना नेताहरूको टक्करले काठमाडौं १ को चुनावी भिडन्तलाई रोचक बनाउने पक्का देखिएको छ।

बाँकी पृष्ठ ६

## खोटाङका आधाभन्दा बढी मतदाता जिल्ला बाहिर


### प्रतिनिधिसभा निर्वाचनमा कम मत खस्ने अनुमान

**रत्नप्रसाद आचार्य** | *खोटाङ*

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा खोटाङ जिल्लामा यसपटक अत्यन्तै कम मत खस्ने अनुमान गरिएको छ। जिल्लामा रहेका कुल मतदातामध्ये आधाभन्दा बढी जिल्ला बाहिर रहेका कारण निर्वाचनमा मतदाता सहभागिता कमजोर हुने आकलन गरिएको छ।

एउटा मात्र निर्वाचन क्षेत्र रहेको खोटाङमा कुल १ लाख ४७ हजार १ सय २० मतदाता रहेका छन्। तीमध्ये करिब ५० हजार मतदाता रोजगारी, बसाइँसराइ तथा वैदेशिक रोजगारीका कारण जिल्ला बाहिर छन्। निधन भएका मतदाताको नामावली समयमै लगत कट्टा नहुँदा यकिन विवरण आएको छैन।

जिल्ला निर्वाचन कार्यालय खोटाङका प्रमुख रबिन मगरका अनुसार अहिलेसम्म १ हजार २ सय ९५ जना मृतकको नाम मात्रै मतदाता नामावलीबाट हटाइएको छ। 'तर ठूलो संख्यामा मृतकको नाम लगत कट्टाका लागि आएको छैन,' उनले भने।





स्थानीय तहहरूको विवरण अध्ययन गर्दा मृत्यु हुने मतदाताको उल्लेख्य संख्या कट्टा भएको देखिँदैन।

२०७९ सालमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा खोटाङमा करिब ४७ प्रतिशत मात्र मत खसेको थियो। नेपाल कम्युनिस्ट पार्टी (एमाले) खोटाङका उपाध्यक्ष कुमार आचार्यले पनि यसपटक आधाभन्दा कम मत खस्ने सम्भावना रहेको बताए। उनका अनुसार मतदाता नामावली अद्यावधिक नहुँदा तथ्यांक यथार्थपरक छैन। 'धेरै मतदाता वैदेशिक रोजगारीमा छन्, धेरै बसाइँ सरेर अन्य जिल्लामा गएका छन्।

निधन भएका मतदाताको नाम पनि हटाइएको छैन,' उनले भने, 'त्यसैले कागजमा मतदाता धेरै देखिए पनि व्यवहारमा मतदान गर्ने संख्या निकै कम हुनेछ।'

भौगोलिक विकटता, दुर्गम बस्ती, यातायातको अभाव तथा वृद्ध-अशक्त मतदाताको पहुँच अभावले मतदान प्रतिशत सधैं न्यून रहने गरेको स्थानीय बताउँछन्। बराहपोखरी गाउँपालिकाका ज्येष्ठ नागरिक देविप्रसाद रेग्मीले विकट भूगोलका कारण धेरै ज्येष्ठ नागरिक र अशक्त मतदाता मतदान केन्द्रसम्म पुग्न नसक्ने अवस्था रहेको बताए।

'गाउँमा रहेका धेरै बुढाबूढी र अशक्त नागरिक मतदान गर्न चाहँदा चाहँदै पनि केन्द्रसम्म पुग्न सक्दैनन्,' उनले भने, 'यसले उनीहरूलाई मतदान अधिकारबाट वञ्चित गरिरहेको छ।' स्थानीय तहको निर्वाचनमा भने राजनीतिक दलहरूले आफ्ना समर्थकलाई जिल्ला बाहिरबाट समेत ल्याएर मतदान गराउने प्रचलन रहेको थियो।

बाँकी पृष्ठ ६

